श्रीमान सभाअध्यक्ष ज्यू
प्रमुख अतिति ज्यू
सम्पूर्ण अतिथि ज्यूहरु
गाउँसभाकासदस्य ज्यूहरु
गाउँसभाका सचिव ज्यू
गाउँपालिकामा कार्यारत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, पत्रकार बन्धुहरु, सुरक्षाकर्मी लगायत सम्पूर्ण उपस्थित महानुभावहरु,
देशमा गणतन्त्र स्थापना भए पश्चातको नवौ तथा स्थानीय तह निर्वाचन २०७९ पछिको पहिलो गरिमामय गाउँसभामा आफ्नो महत्वपूर्ण समय दिनु हुने सभाअध्यक्ष ज्यू , प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू,गाउँसभा सदस्य सचिव ज्यू, अतिथि ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, पत्रकार बन्धुहरु, सुरक्षाकर्मीहरु तथा उपस्थित महिला तथा सज्जनवृन्दहरुमा हार्दिक नमस्कार तथा स्वागत गर्न चाहन्छु ।

देशको राजनितिक आर्थिक सामाजिक  रुपान्तरणका लागी आफ्नो रगत बलिदान गर्नु हुने तमाम ज्ञात अज्ञात शहिदहरु प्रती हार्दिक श्रद्धा सुमन अर्पर गर्न चाहन्छु ।

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयन हुने क्रममा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको शन्दर्भमा कनकासुन्दरी गाउँपालिका विराट जुम्लाले संघियताको मर्म अनुसारका विकास प्रक्रियालाई व्यवस्थित रुपमा संञ्चालन गर्न नेपालको संविधान,स्थानिय सरकार सञ्चालन ऐन २०७४ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्यादेशहरु, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारको विकास सम्बन्धि कार्य लक्ष्य र मान्यताहरु वस्ती तथा वडा तहबाट सिफारिस भई आएका योजनाहरु, विभिन्न समितिहरु र गाउँकार्यपालिका तथा गाउँसभाको सभाबाट पारित भएको निति तथा कार्यक्रम अनुरुप यस सभामा आर्थिक बर्ष२०७९।०८० को बजेट प्रस्तुत गर्न गइरहेको छु । साथै यस अवसरमा सम्पूर्ण कनकासुन्दरी गाउँपालिका बासी आदरणीय जनसमुदायमा हार्दिक बधाई तथा शुभकामना गर्दछु ।

तथापि कनकासुन्दरी गाउँपालिकाको मानव सुचाङ्क सन्तोषजनक देखिदैन र प्रतिव्यक्ति कमजोर अवस्थामा छ । कृषि, वन, वातावरण तथा अन्य पूर्वाधार र शशक्तिकरणका कार्यक्रमहरुमा बर्षेनी ठुलो लगानी भएतापनी खाद्य असुरक्षा, गरिबी, असमानता, जातिय भेदभाव, छुवाछुत, महिला हिंसाका घटनाहरुबाट पार पाउन सकिएको छैन । निरक्षरता र अदक्षताले गाँजीरहेको छ । गाउँपालिकाको आन्तरिक आय अत्यन्तै न्यून हुनु विकासको प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन नसक्नु गाउँपालिकाले शुन्य अवस्थाबाट काम शुरु गर्नु पर्दा धैरै कठीनाईहरु व्यहोर्नु परिरहेको छ। उल्लेखित चुनौतीहरुको वावजुत सबै सरोकार वाला निकायहरुको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

अब म आगामी आर्थिक बर्ष ०७९।०८० को बजेट उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

- नागरिक जिवन यापनमा न्यूनतम आधारभूत आवश्यकता सिघ्र परिपुर्ति गर्दै चरम गरिवो विपन्नता र पछौटेपन अन्त्य गर्ने ।
- साधन श्रोत, अबसर र क्षमताको उच्चतम उपयोग गरी मानविय विकास गर्ने ।
- आर्थिक , भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत अर्थतन्त्रको निर्माण गर्ने ।
- प्राकृतिक, सांस्कृतिक लगायतका उपलब्ध अन्य सम्पदाहरुको अधिकतम उपयोग गरी आर्थिक बृद्धि गर्ने ।
- सबै नागरिकलाई रोजगारीको अवसर श्रृजना गर्ने क्षेत्रहरुको पहिचान गरी लगानी गर्ने ।
- कृषि, जलश्रोत  पर्यटन लगायतका क्षेत्रहरुमा पुँजी लगानी गरि आर्थिक तथा सामाजिक विकास गर्ने ।
- आधुनिक भौतिक संरचनाहरुको विकास गरी सडक, सिंचाई, विद्युत, पूर्वाधार लगायतको विकास गर्ने ।
- सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिबृद्धी गरि नागरिकहरुलाई यस कनकासुन्दरी गाउँपालिका प्रति अपनत्व वोध गराउने ।

**आदरणीय महानुभावहरु,**

आगामी आर्थिक बर्षको बजेट तर्जमा गर्दा नेपालको संविधान, विनियोजन ऐन, २०७९ को सिद्धान्त र प्राथमिकता, यस कनकासुन्दरी गाउँपालिकाको निति तथा कार्यक्रम, नेपाल सरकारको चालु आवधिक योजना, दिगो विकासका लक्ष्य र गाउँसभाका सदस्य लगायत विद्धान व्यक्तिहरुले दिनुभएको सुझबलाई मार्ग निर्देशनको रुपमा लिएको छु । विभिन्न राजनैतिक दल, संघ संस्था, बिद्धत बर्ग तथा दिदि बहिनी, दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझवहरुलाई समेत ध्यानमा दिएको छु ।

कनासुन्दरी गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरुलाई सम्पतिको रुपमा ग्रहण गर्दै यसैको जगमा टेकेर सम्मृद्ध कनकासुन्दरी गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म कनकासुन्दरी गाउँपालिकाको चालु आ ब को आय र व्यायको विवरण प्रस्तुत गर्दछु ।

**श्रीमान अध्यक्ष ज्यू**

आगामी आर्थिक बर्ष २०७९।०८० को लागी संघिय सरकारबाट संर्सत अनुदान तर्फ १८ करोड ९४ लाख, वित्तिय समानिकरण अनुदान तर्फ १० करोड ४१ लाख, विशेष अनुदान २ करोड २० लाख र राजश्व वाँडफाड तर्फ रु ७ करोड ८० लाख ८३ हजार समेत गरी जम्मा रु ३९ करोड ३५ लाख ८३ हजार प्राप्त हुनेछ ।कर्णाली प्रदेश सरकारबाट राजश्वा बाँडफाड तर्फ रु ५ लाख वित्तिय समानिकरण तर्फ रु १ करोड ५ लाख ४७ हजार विशेष अनुदान तर्फ रु ६० लाख समपुरक अनुदान तर्फ १ करोड र शसर्त अनुदान तर्फ २ करोड १८ लाख ४० हजार समेत गरी जम्मा रु ४ करोड ८८ लाख ८७ हजार प्राप्त हुनेछ ।यसैगरी यूनिसेफ मार्फत विभिन्न कार्यक्रम संचालनको लागी २८ लाख प्राप्त हुने अनुमान गरिएको छ ।यस गाउँपालिकाको आन्तरिक श्रोतबाट आगामी आर्थिक बर्ष २०७९।०८० मा जम्मा रु २० लाख प्राप्त हुने अनुमान गरिएको छ ।त्यसैगरी चालु आ. ब. ०७८।०७९ को बाँकी बैक मौज्दात अनुमानित रकम रु २ करोड ५० लाख हुने अनुमान गरेकी छु ।आर्थिक बर्ष ०७९।०८० मा यस गाउँपालिकामा संघिय सरकार, प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक श्रोत, यूनिसेफ र चालु आ. ब. को बैक मौज्दात समेत गरी रु ४७ करोड २२ लाख ७० हजार आम्दानी हुने अनुमान गरिएको छ ।

श्रीमान सभाअध्यक्ष ज्यू

<u>अम म आ.ब. २०७९।०८०को अनुमानित आय र व्यायको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।</u>

**रु हजारमा**

| सि.नं. | आम्दानीको विवरण | रकम | सि. नं. | स्वीकृत खर्च शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | संघिय वित्तिय समानिकरण | १०४१००००० | १ | चालु खर्च | ८०५८३००० |
| २ | प्रदेश वित्तिय समानिकरण | १०५४७००० | २ | बिषयगत शाखा पुँजिगत समानिकरण | २५०००००० |
| ३ | संघिय राजश्व बाँडफाड | ७८०८३००० | ३ | वडा कर्यालय तर्फ सार्वजनिक निर्माण | ३००००००० |
| ४ | प्रदेश राजश्व बाँडफाड | ५००००० | ४ | बिषयगत शाख पुँजीगत सशर्त | ५२५००००० |
| ५ | संघिय सशर्त अनुदान | १८९४००००० | ५ | बिषयगत शाखा चालु खर्च सशर्त र समानिकरण | १७४७००००० |
| ६ | संघिय सरकार विशेष अनुदान | २२०००००० | ६ | गा. पा. बाट संचालित सार्वजनिक निर्माण | १०९४८७००० |
| ७ | प्रदेश विशेष अनुदान | ६०००००० | | | |
| ८ | प्रदेश समपुरक अनुदान | १००००००० | | | |
| ९ | प्रदेश सशर्त अनुदान | २१८४०००० | | | |
| १० | आन्तरिक राजश्व | २०००००० | | | |
| ११ | अल्या | २५०००००० | | | |
| १२ | यूनिसेफ | २८००००० | | | |
| १२ | जम्मा आम्दानी | ४७२२७०००० | | | ४७२२७०००० |

**अब म अगामी आर्थिक बर्ष ०७९।०८० को लागी निम्नानुसार बिषयगत क्षेत्रमा अनुमानित खर्च हुने विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**रु हजारमा**

| **सि. नं.** | **बिषयगत शिर्षक** | **विनियोजित रकम** |
|---|---|---|
| १ | शिक्षा (सशर्त र समानिकरण अनुदान समेत) | १०२४००००० |
| २ | स्वासथ्य (सशर्त र समानिकरण अनुदान समेत) | ३४०००००० |
| ३ | कृर्षि (सशर्त र समानिकरण अनुदान समेत) | ७३००००० |
| ४ | पशु (सशर्त र समानिकरण अनुदान समेत) | ३२००००० |
| ५ | प्रधानमन्त्री रोजगार (सशर्त अनुदान) | १३०००००० |
| ६ | उर्जा (सशर्त अनुदान) | १०००००० |
| ७ | जलवायु परिवर्तन (सशर्त) | ७०००००० |
| ८ | यूवा तथा खेलकुद  (सशर्त अनुदान) | ४७५००० |
| ९ | राष्ट्रिय परिचयपत्र पञ्जिकरण (सशर्त) | २५००००० |
| १० | उद्यम विकास (सशर्त) | ३५००००० |
| ११ | बहुक्षेत्रीय पोषण समानिकरण (सशर्त) | २५००००० |
| १२ | सुरक्षित आवास व्यवस्था (सशर्त) | १६००००० |
| १३ | कर्णाली प्रदेश सरकार (सशर्त अनुदान) | २१८४०००० |
| १४ | वडा कर्यालयबाट संचालित सार्वजनिक निर्माण खर्च तथा अन्य विविध पुँजीगत खर्च (समानिकरण अनुदान) | ३००००००० |
| १५ | गाउँपालिकाबाट संचालित सार्वजनिक निर्माण खर्च तथा अन्य विविध पुँजीगत खर्च (समानिकरण अनुदान र आन्तरिक श्रोत समेत) | १०९४८७००० |
| १६ | चालु खर्च तर्फ (राजश्व बाँडफाड बाट प्राप्त रकम र आन्तरिक श्रोत समेत) | ८०५८३००० |
| १७ | यूनिसेफको विभिन्न कार्यक्रम खर्च | २८००००० |
| १८ | आयूर्बेद सशर्त अनुदान | ४०००००० |
| १९ | बिषयगत शाखा पुंजीगत तथा झो.पु. / विद्यालय, स्वास्थ्य भौतिक पूर्वाधार निर्माण | ४५०८५००० |
| | जम्मा | ४७२२७०००० |

अन्यमा, यस कनकासुन्दरी गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विकासमा निरन्तर सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, सबै करदाता र राष्ट्रिय र अन्तराष्ट्रिय विकास साझेदारीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो बजेट तर्जुमामा मार्गनिर्देशन गर्नु हुने कनकासुन्दरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु, प्रमुख प्रशासकिय अधिकृत श्री तिर्थ बहादुर कठायत, यस गाउँपालिकाका बिषयगत शाखा प्रमुखहरु तथा समग्र कर्मचारीहरु विभिन्न राजनितिक दलका प्रतिनिधिहरु अग्रज व्यक्तिहरुले दिनुभएका सुझबहरुलाई पनि बजेट निर्माणका चरणमा स्मरण गरेको छु ।

आ-आफ्नो तर्फबाट सहयोग पुऱ्याउने गाउँकार्यपालिका सदस्य गाउँसभा सदस्य समाजसेवी बुद्धिजिबी पत्रकार राजनैतिक दलका प्रतिनिधि यस गाउँपालिकामा ओहोरात्र खटिएर गाउँसभालाई सफल बनाउनु हुने कर्मचारी ज्यूहरु, सुरक्षा निकायका कर्मचारीहरु, यस गाउँपालिकामा रहनु भएका सम्पूर्णा आमा बुवा दाजुभाई तथा दिदि बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद ।

प्रेमकली बुढा
गाउँपालिका उपाध्यक्ष